बैठक संख्या :- ११

आज मिति २०७८।०९।२६ गते, मंगलवार प्रमुख जिल्ला अधिकारी श्री कृष्णप्रसाद लम्सालको संयोजकत्वमा तपसिलको उपस्थितिमा जिल्ला कोभिड व्यवस्थापन समिति, धादिङको बैठक बसी देहायका निर्णयहरु गरियोः

बिषेष उपस्थिति

उप प्रमुख श्री बिन्दा बरामु नेपाली, जिल्ला समन्वय समिति

उपस्थिति

प्र.जि.अ. श्री कृष्णप्रसाद लम्साल, जिल्ला प्रशासन कार्यालय -संयोजक

जि.स.अ. श्री हरि प्रसाद अर्याल, जिल्ला समन्वय समिति -सदस्य

सेनानी, श्री प्रताप अधिकारी, शिवदल गण -सदस्य

प्र.उ. श्री राकेश सिंह, जिल्ला प्रहरी कार्यालय -सदस्य

अ.अ. श्री दिपक उप्रेती, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय -सदस्य

स.प्र.ना.उ. श्री यमुना सिम्खडा, स.प्र.बल नेपाल, आश्रित गुल्म -सदस्य

मे.सु डा. त्रिभुवन चन्द्र झा, जिल्ला अस्पताल -सदस्य

आमन्त्रित

स.प्र.जि.अ. श्री ध्रुवप्रसाद कोइराला, जिल्ला प्रशासन कार्यालय

प्र.प्र.अ. श्री नेत्र प्रसाद पौडेल, नीलकण्ठ नगरपालिका

ब.ज.स्वा.प्र. डा. भुवन पौडेल, स्वास्थ्य कार्यालय

जनस्वास्थ्य अधिकृत, बिष्णु प्रसाद रिजाल, नीलकण्ठ नगरपालिका

स.प्र.नि. श्री बेद विक्रम थापा, स.प्र.वल नेपाल, आश्रित गुल्म

अध्यक्ष, श्री रुद्र बहादुर खत्री, उद्योग वाणिज्य संघ, धादिङ

अध्यक्ष, श्री राजाराम शर्मा, नेपाल पत्रकार महासंघ, धादिङ

सभापति, श्री नारायण प्रसाद तिमिल्सिना, नेपाल रेडक्रस सोसाइटी, धादिङ

अध्यक्ष, श्री गोविन्द कुमार श्रेष्ठ, चेम्बर अफ कमर्स, धादिङ

अध्यक्ष, श्री शालिकराम दुवाडी, गैरसरकारी महासंघ, धादिङ

कर्जा अ.सहजकर्ता श्री दिपक कंडेल

ख. श्री बिजन ढकाल, जिल्ला प्रशासन कार्यालय

प्र.प्र.अ. नेत्र प्र. पौडेल

Scanned with CamScanner

**प्रस्तावहरुः**

१. समितिका हालसम्मका निर्णयहरु कार्यान्वयनको समिक्षा।

२. कोभिड-१९ को जोखिम न्यूनीकरणको आगामी रणनीति सम्वन्धमा ।

**निर्णय नं. १**

जिल्ला कोभिड व्यवस्थापन समिति, धादिङबाट कोरोना भाइरसको दोस्रो लहरको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यसअघि विभिन्न मितिमा भएका बैठकका निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भएको मूल्याङ्कन गरियो ।

**निर्णय नं. २**

क) कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण नेपालमा पनि देखिएको सन्दर्भमा कोभिड-१९ संक्रमण नियन्त्रण तथा रोकथामको लागि नेपाल सरकारले लागू गरेको स्वास्थ्य मापदण्डको पालना गर्दै कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचार सम्वन्धी कार्यलाई व्यवस्थित गर्न स्वास्थ्य मापदण्ड सहित मिति २०७८/१०/१० गते राति १२:०० वजेसम्म निषेध आदेश गर्न संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने।

ख) कोभिड-१९ को निदानलाई प्रभावकारी र व्यवस्थित बनाउन पि.सि.आर. र एन्टिजिन परीक्षणको दायारा बढाई संक्रमण पोजेटिभ देखिएका व्यक्तिहरुलाई अनिवार्य आइसोलेसनमा राख्ने साथै कोभिड-१९ संग सम्वन्धित खोपको उपलब्धता हाल सहज भएकाले खोप लगाउन छुट भएका १२ वर्ष देखिमाथीका नागरिकहरुलाई खोप लगाउन सबै स्थानीय तहहरु/स्वास्थ्य कार्यालय मार्फत अनुरोध गर्ने ।

ग) कोभिड-१९ को निदान लागि धादिङ अस्पतालमा स्थापना भएको पिसिआर ल्याब संचालन, तथा संभावित संक्रमित विरामीहरुको व्यवस्थापनका लागि धादिङ अस्पताललाई थप सक्रियता देखाई प्रभावकारी कार्यान्वयन गर्न अनुरोध गर्ने ।

घ) कोभिड-१९ को संक्रमणको सम्भावित तेस्रो लहरलाई मध्यनजर गर्दै सोको पूर्वतयारीको लागि जिल्लाका सबै अस्पताल तथा स्थानीय तहहरुमा रहेका अक्सिजन सिलिण्डरहरु सम्वन्धित अक्सिजन उद्योगहरुमा पठाइ अक्सिजनको उपलब्धता सहज बनाउन पहल गर्ने, औषधि तथा औषधिजन्य समानहरुको मौज्दात कायम गर्ने साथै जिल्लामा रहेका अक्सिजन प्लान्ट, अक्सिजन कन्सन्टेटरहरु चालु अवस्थामा राख्न अनुरोध गर्ने।

ङ) नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी को मिति २०७८।०९।२५ को १५ बुँदे निर्णय तथा तालुक मन्त्रालयको नियम परिपत्र/निर्णय समेतलाई आधार लिई यस यस जिल्लामा कोभिड १९ को नयाँ भेरियन्ट ओमिक्रोन को संक्रमणको प्रवृति हेरी आवश्यक सबै प्रयासहरुलाई तिव्र पार्ने तथा विभिन्न स्थानीय तह एवं सरोकारवालाहरुको सहकार्य/सहयोगमा कोभिड व्यवस्थापनको सबै चक्रहरुमा आवश्यक सतर्कता गर्ने गराउने ।

च) कोभिड-१९ संक्रमणको जोखिम मूल्याङ्कन गरि आगामि दिनमा लकडाउनको स्वारुप/ प्रकृति निर्धारण गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

छ) कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागी Smart Lockdown Decision Framework अनुरुप लकडाउनको प्रकृति सिफारिस गर्न स्वास्थ्य कार्यालय धादिङ, धादिङ अस्पताल र नीलकण्ठ नगरपालिका स्वास्थ्य शाखा प्रमुख रहने ३ सदस्यीय सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

ज) बढी भिडभाड हुने कार्यालयमा अनिवार्य मास्क प्रयोग गर्ने/गराउने तथा सचेतनामूलक सूचना बनाई प्रचार प्रसार गर्ने ।

झ) कोभिड -१९ को नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण तथा जोखिमलाई मध्यनजर गरी जिल्ला स्थित स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारी तथा जनशक्तिलाई अति आवश्यक काम बाहेक लामो विदा नदिन सम्वन्धित सबैलाई अनुरोध गर्ने ।

ञ) नेपालीहरुको पर्व माघे संक्रान्ति मनाउन छिमेकी मुलुक भारतबाट धेरैको संख्यामा जिल्लाबासी नागरिकहरुको आगमन हुने हुनाले त्यस्ता नागरिकहरु प्रवेश गरे लगत्तै सम्वन्धित स्थानीय तहले उच्च सतर्कता अपनाउने आवश्यक परेमा आइसोलेसनमा राखी सतर्कता अपनाउन सबै स्थानीय तहसंग आग्रह गर्ने ।

ट) कोभिड -१९ को नयाँ भेरियन्टको सम्भावित महामारीलाई मध्यनजर गर्दै नेपाल सरकारले निर्धारण गरेका मापदण्ड तथा जनस्वास्थ्यका मापदण्ड कडाइका साथ लागू गर्न गराउन स्थानीय तह र जिल्लामा क्रियाशिल संघ संस्था लगायत सरोकारवाला सबैलाई अनुरोध गर्ने निर्णय गरियो ।

ठ) विभिन्न संघ संस्थाहरुद्वारा आयोजना गर्ने तयारीमा रहेका विविध सभा, समारोह, मेला, जात्रा, भेला आदीलाई कोभिड संक्रमणको हालको अवस्था प्रतिकूल रहेकाले अर्को व्यवस्था नभएसम्म स्थगन गर्न अनुरोध गर्ने तथा आ-आफ्नो पालिकाको क्षेत्रभित्र हुन गई रहेका यस प्रकारका गतिविधिहरुलाई नेपाल सरकारको निर्णय समेतलाई ध्यान दिई नियमन गर्न सम्बन्धित सबै पालिकाका कार्यपालिकाहरुलाई सुझाव दिने निर्णय गरियो ।

ड) जिल्लामा हरेका सबै स्वस्थ्य संस्थाहरुको सेवा प्रवाहलाई संक्रमणको न्यूनीकरण/उपचार गर्न सक्षम हुने गरी तयारी हालतमा राख्न तत् तत् संस्थाका जिम्मेवार निकाय/समितिहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner